संघीय संसद

# राष्ट्रिय सभा

## चौथो अधिवेशन

## बैठक - ३

### सूचना पत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ वैशाख २३ गते सोमबार

---

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई "सम्वत् २०७६ वैशाख २० गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले सभा समक्ष प्रस्तुत गर्नु भएको "सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०७६ वैशाख २० गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो । सम्माननीय अध्यक्षले नेपाल सरकारको नीति तथा कार्यक्रम माथि १० जना माननीय सदस्यज्यूहरुबाट तीन वटा संशोधन प्रस्तावहरू प्राप्त हुन आएको व्यहोरा समेत जानकारी गराउँदै संशोधन प्रस्ताव पेश गर्नुहुने निम्न बमोजिमका माननीय सदस्यहरूलाई संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय दिनुभयो :

माननीय राधेश्याम अधिकारी, माननीय वृषेशचन्द्र लाल र माननीय रमेश प्रसाद यादव ।

त्यसपछि, सम्माननीय अध्यक्षले नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिन चाहनुहुने निम्न बमोजिमका माननीय सदस्यहरुलाई समय दिनुभयो :

| | |
|---|---|
| माननीय सुरेन्द्र राज पाण्डे | माननीय खिमलाल भट्टराई |
| माननीय खेमराज नेपाली | माननीय बद्री प्रसाद पाण्डे |
| माननीय रामनारायण विडारी | माननीय रामलखन चमार |
| माननीय उदया शर्मा/पौडेल | माननीय प्रकाश पन्थ |
| माननीय भैरव सुन्दर श्रेष्ठ | माननीय रामचन्द्र राई |
| माननीय तारादेवी भट्ट | माननीय कोमल वली |
| माननीय चक्र प्रसाद स्नेही | माननीय मुक्ता कुमारी यादव |
| माननीय मीना वुढा | माननीय विना पोखरेल |
| माननीय रमेश जंग रायमाझी | माननीय दिपा गुरुङ |
| माननीय परशुराम मेघी गुरुङ । | |

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०७६ वैशाख २० गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गरिएको सम्बोधनमा उल्लिखित आ.व. २०७६/०७७ को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा बोल्ने क्रम जारी रहने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सभाको अर्को बैठक सम्वत् २०७६ साल वैशाख २४ गते मंगलबार दिनको १:०० बजे बस्ने गरी अपरान्ह ४:३० बजे आजको बैठक अन्त्य भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव